नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१/८२(अनुमतिपत्र महाशाखा)
च. नं. :- २५१०

मितिः २०८२/०३/३०

विषयः विवरण उपलब्ध गराइएको सम्बन्धमा।

श्री हेमन्त श्रेष्ठ
समपर्क नं. : ९८४१९०१९२३
श्री बिक्रम श्रेष्ठ
समपर्क नं. : ९८५११०१९१०
श्री नविन श्रेष्ठ
समपर्क नं. : ९८५१००४०३९

प्रस्तुत विषयमा तहाँहरुबाट श्री कालिका इनर्जी लि. बाट प्रवर्द्धन भइरहेको भोटेकोशी-५ जलविद्युत आयोजनाको सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ बमोजिम माग भएको विवरणको सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ बमोजिम सार्वजनिक महत्वको सूचना पाउने अधिकार भएकोमा सार्वजनिक महत्वको तपशिल बमोजिमको विवरण उपलब्ध गराइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

१. बुँदा नं. १ मा माग भएबमोजिमको प्रस्तुत आयोजनाको ६२ मे.वा. जडित क्षमताको लागि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन मिति २०७६/०८/१२ मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको र हाल उक्त आयोजनाको जडित क्षमता ४६ मे.वा. हुने गरी थप अध्ययन गर्नको लागि विभागको मिति २०८१/०९/२३ निर्णयानुसार सैद्धान्तिक सहमति प्रदान भएको र हाल आयोजनाको जडित क्षमता ४६ मे.वा. को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूची (TOR) को प्रतिवेदन श्री उर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालयको मिति २०८१/१२/०६ को सचिवस्तरीय निर्णयानुसार स्वीकृत भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै प्रस्तुत आयोजनाको ६२ मे.वा जडित क्षमताको लागि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन मिति २०७६/०८/१२ मा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको प्रतिवेदनको प्रतिलिपि प्राप्त गर्न विभाग समक्ष उपस्थिति हुन अनुरोध छ।
२. बुँदा नं. २ मा माग भएबमोजिम प्रस्तुत आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनको लागि सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थिति हुने बारे श्री कालिका इनर्जी लि. बाट विभागमा पेश भएको पत्रको प्रतिलिपि यसै पत्रसाथ संलग्न छ। साथै उक्त मितिमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न हुन नसकेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।
३. बुँदा नं. ३ मा माग भएबमोजिम प्रस्तुत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र अनुमतिपत्र (वि.वि.वि. ०७६/७७, वि.उ. ३०३) विभागीय निर्णयानुसार मिति २०७७/०३/१४ देखि लागु हुने गरी ३५ वर्ष सम्मको लागि प्रदान गरिएको व्यहोरा अनुरोध छ।
४. बुँदा नं. ४ मा माग भएबमोजिम प्रस्तुत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र अनुमतिपत्र (वि.वि.वि. ०७६/७७, वि.उ. ३०३) को प्रतिलिपी यसैसाथ संलग्न छ।

(वीरेन्द्र पंडित)
इन्जिनियर